राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १९० | २०८२ चैत ११ गते बुधवार | (Wednsday, 24 March, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# उदाउँदो सूर्यलाई अर्घ दिंदै चैती छठ सम्पन्न

पुनम कुमारी सिंह

*गौशाला, चैत्र ११ गते ।*



महोत्तरीसहितको मिथिलाञ्चलमा सूर्य आराधनाको अनुपम पर्व चैती छठ आज बिहान (बुधवार) उदाउँदो सूर्यलाई अर्घ्य दिई सम्पन्न भएको छ । विशेषगरी मिथिलाञ्चलमा चार दिनसम्म आस्था, ब्रत र धार्मिक अनुशासनका साथ मनाइने यो पर्व आज धार्मिक उल्लास र श्रद्धासहित सम्पन्न भएको छ ।

चैती छठ पर्व महोत्तरी सदरमुकामसहित जलेश्वर, मटिहानी, गौशाला, बर्दिबास, औरही, मनरासिस्वा, लोहारपट्टी, रामगोपालपुर, बलवा र भंगहा नगरपालिकाका साथै पिपरा, सम्सी, एकडारा, सोनमा र महोत्तरी गाउँपालिकाका सहरी एवं ग्रामीण क्षेत्रमा रहेका पोखरी, तलाऊ तथा ती पालिका भएर बग्ने बिग्ही, रातो मरहा, जङ्हा, अङ्कुसी नदी तथा नहरको किनारमा धार्मिक विधिपूर्वक मनाउँदै आएका छन् ।

यस्तै, जनकपुरको गंगासागर, अङ्गराज सर, दशरथ ताल जस्ता प्रमुख स्थलहरूमा धार्मिक विधिअनुसार सामूहिक पूजा-अर्चना गरिएको थियो ।


यस पर्वको प्रमुख विशेषता अस्ताउँदो र उदाउँदो सूर्यको आराधना अनुसार, मंगलवार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गरेपछि आज बिहान (बुधवार) पुनः जलाशयमा पसेर उदाउँदो सूर्यलाई अर्घ्य दिइयो । ब्रतालुहरूले विशेष पकवानहरू ठकुवा, भुसवा, पेरुकिया, खजुरिया सँगै फलफूल र भोग सामग्रीको अर्घ्य अर्पण गरेका थिए ।

सत्य अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यसपर्वको विशेषता रहेको जलेश्वर-८ पण्डित अनिल पाठकले बताए । त्यस्तै, जलेश्वर नगरपालिका-१ स्थित जलेश्वरनाथ महादेवका पुजारी कामेश्वर पाठकका अनुसार सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पुरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने चैती छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलासयमा श्रद्धालु भक्तजनको घुइँचो लाग्ने गर्छ ।

चार दिनसम्म मनाइने यसपर्वको पहिलो दिन आइतबार ब्रतीले 'नहा खा' अर्थात् नुहाएर खाने अर्थात् जिउ चोख्याउने काम गरेका थिए । त्यस्तै, पर्वको दोस्रो दिन सोमबार खर्ना मनाइएको थियो । खर्नाका दिन ब्रतीले दिनभरि उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कुलदेवताको पूजा गरेका थिए भने राति अरवा अरवाइन (बिनानुन हालेको) खानेकुरा खाएका थिए । तेस्रो दिन सम्पूर्ण मिथिलाञ्चलमा चैती छठ पर्वको मुख्य दिन साँझपख अस्ताउँदो सूर्यलाई अर्घ दिएर र अन्तिम दिन उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गरी ब्रत सम्पन्न गर्ने परम्परा रहिआएको छ ।

ब्रतालुहरूले जलाशयको किनारमा निर्माण गरिएका छठघाटमा परम्परागत गीत गाउँदै, पूजा सामग्रीसहित आराधना गरे । अघिल्लो रातदेखिको कठोर उपवास र नियम-अनुसार ब्रत बोक्ने ब्रतालु महिलाहरूको अनुशासन, श्रद्धा र समर्पणले यो पर्वको विशेषता झनै बढाएको छ ।



द पब्लिक टुडे

राष्ट्रिय दैनिक

The Public Today

National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'

'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'

– सन्त 'व्यथित'

## सम्पादकिय............

# सानो सुधार, ठूलो सन्देश

नागरिकता लिने क्रममा अनलाइन फाराम भरिसकेपछि राष्ट्रिय परिचयपत्रका लागि फेरि उही विवरण राखेर अर्को फाराम भुर्नुपर्ने झन्झट अन्त्य गर्ने निर्णय सरकारको सेवाप्रवाह सुधारतर्फको महत्वपूर्ण कदम हो । सतहमा हेर्दा यो सामान्य प्राविधिक सुधारजस्तो लागे पनि यसको प्रभाव नागरिकको दैनिक अनुभवमा निकै गहिरो छ । विगत लामो समयदेखि सेवाग्राहीहरुले भोग्दै आएको प्रमुख समस्या भनेकै एउटै कामका लागि पटकपटक उही प्रक्रिया दोहोर्‍याउनुपर्ने बाध्यता हो । कहिले ऐन नभएको, कहिले नियमावली वा निर्देशिका नबनेको बहाना गर्दै सेवाग्राहीलाई अल्झाइराख्ने प्रवृत्ति प्रशासनिक संयन्त्रमा गढेर बसेको यथार्थ हो । यस्तो अवस्थामा दोहोरो फाराम भर्नु नपर्ने व्यवस्था आफैंमा राहतको सास जस्तै बनेको छ ।

सरकारले नागरिकता प्राप्तिका लागि भरिएको अनलाइन फारामकै विवरणलाई राष्ट्रिय परिचयपत्रमा उपयोग गर्ने व्यवस्था लागू गर्नु केवल प्रक्रियागत सरलीकरण मात्र होइन, सोचमा आएको परिवर्तनको संकेत पनि हो । यसले देखाउँछ, यदि इच्छाशक्ति भयो भने प्रशासनिक जटिलता घटाउन ठूला बजेट होइन, साना तर प्रभावकारी निर्णयहरु पर्याप्त हुन्छन् । गृहमन्त्री ओमप्रकाश अर्यालद्वारा घोषणा गरिएको यो व्यवस्था व्यवहारमा लागू भएमा नागरिकले सेवा लिन खर्च गर्ने समय,श्रम र खर्च तीनै पक्षमा कमी आउनेछ । साथै, डिजिटल शासनतर्फको यात्रालाई समेत यसले थप विश्वसनीय बनाउनेछ । तर, यति मात्र पर्याप्त छैन । एउटा सुधारले उत्साह त ल्याउँछ,तर प्रणालीगत समस्या समाधानका लागि निरन्तरता आवश्यक हुन्छ । अझै पनि धेरै सरकारी सेवामा अनावश्यक कागजी प्रक्रिया, दोहोरो विवरण र कर्मचारीको ढिलासुस्तीले सेवाग्राहीलाई हैरान बनाइरहेको छ । त्यसैले यस्तो सुधारलाई एकमुष्ट उपलब्धि होइन, सुधारको सुरुवातको रुपमा लिनुपर्छ ।

सरकारले यदि साँच्चिकै नागरिकमैत्री शासनको परिकल्पना साकार पार्न चाहन्छ भने यस्ता कदमलाई सबै सेवामा विस्तार गर्नुपर्छ । 'एक पटक दिएको विवरण पुन: नदोहेरिने' सिद्धान्तलाई व्यवहारमा लागू गर्न सके मात्रै डिजिटल नेपाल अभियानले सार्थकता पाउनेछ । यहाँ के बुझ्न जरुरी छ भने नागरिकलाई सहज, छरितो र झन्झटरहित सेवा दिनु सरकारको दायित्व मात्र होइन, विश्वास निर्माणको आधार पनि हो । सानो देखिने यस्ता सुधारहरुले नै ठूलो परिवर्तनको बाटो खोल्ने भएकाले यिनलाई निरन्तरता दिनु आजको प्रमुख आवश्यकता हो ।

## राशिफल

मेष - इनाम दिलाउन सक्छ ।

वृष - काम प्रारम्भ होला ।

मिथुन - सावधान रहनुहोला ।

कर्कट - उचित मूल्य पाइनेछ ।

सिंह - फल प्राप्त हुनेछ ।

कन्या - उत्साह जाग्नेछ ।

तुला - जिम्मेवारी बढ्नेछ ।

वृश्चिक - दौडधुप गर्नुपर्ला ।

धनु - भेटघाट हुनेछ ।

मकर - कामको प्रस्ताव आउनेछ ।

कुम्भ - ऋण लिने समय छ ।

मिन - अवसर प्राप्त हुनेछ ।

# मुसहर बस्तीमा न व्यवस्थित घर, न शौचालय

राष्ट्रिय समाचार समिति

*सिरहा, चैत्र १० गते ।*

नेपाल खुला दिसामुक्त घोषणा भएको साढे छ वर्ष बितिसक्दा पनि सिरहाको लहान नगरपालिकाका मुसहर बस्तीमा स्वच्छताको अवस्था अझै दयनीय छ ।

हावाहुरी, घामपानी र बर्सातको समयमा टाउको लुकाउने सुरक्षित घर नहुँदा सास्ती खेपिरहेका मुसहर समुदायका लागि शौचालय त झनै सपना जस्तै बनेको छ ।

लहान नगरपालिका-१३ की भुटनीदेवी सदायले आफ्नो पीडा पोख्दै भने, 'बस्ने घरकै टुङ्गो छैन, शौचालय कहाँ बनाउनु ? वर्षौंअघि सरकारले दिएको रिङ त छ, तर जग्गा नभएकै कारण अहिलेसम्म शौचालय ठड्याउन सकेका छैनौं ।' भुटनी देवीजस्तै वडा नं. १, २, ५, ९, १२ र २४ का मुसहर परिवारहरू अहिले पनि खुला स्थानमा शौच गर्न बाध्य छन् ।

सुरक्षित आवास र आफ्नै स्वामित्वको जग्गा नहुँदा मुसहर समुदायमा शौचालय निर्माण र प्रयोग चुनौतीपूर्ण बन्दै गएको छ । नगरपालिका र 'वाटरएड' संस्थाले हालै गरेको सर्वेक्षण अनुसार लहानका २४ हजार ७०० घरपरिवारमध्ये १७ प्रतिशत अर्थात् चार हजार २१० घरमा अझै शौचालय छैन ।

अधिकांश दलित र भूमिहीन बस्तीमा जग्गा अभाव र चेतनाको कमीले गर्दा शौचालयको पहुँच पुग्न नसकेको पाइएको छ ।

लहानमा करिब ३० हजार दलित जनसङ्ख्यामध्ये आठ हजार मुसहर समुदायका छन् । ९९ प्रतिशत मुसहर भूमिहीन भएकाले उनीहरूका लागि आवास र स्वच्छता दुबै गम्भीर समस्या बनेको 'विकन परियोजना'का निर्देशक कविन्द्र पुडासैनीले बताए ।

समाजसेवी शङ्करप्रसाद गुप्ताका अनुसार केवल गैरसरकारी संस्थाका कार्यक्रमले मात्र यो समस्या समाधान हुँदैन । उनका अनुसार यसका लागि स्थानीय स्वास्थ्यकर्मी, शिक्षक र नागरिक अगुवाको सक्रिय निगरानी समूह बनाएर समुदायमा निरन्तर शिक्षा र चेतना दिनु आवश्यक छ ।

लहानका नगरप्रमुख महेशप्रसाद चौधरीले २०१७ मै खुला दिसामुक्त घोषणा भएको नगरमा अझै यति ठूलो संख्यामा शौचालयविहीन हुनु चिन्ताजनक रहेको स्वीकार गरे । उनले भने, 'यो स्वच्छताको चुनौती गम्भीर छ । अब हामी घर-घर पुगेर वास्तविक अवस्था परिवर्तन गर्ने तयारीमा छौं । भूमिहीन सुकुम्वासीका लागि उपयुक्त स्थान पहिचान गरी स्थानान्तरण प्रक्रियासमेत अघि बढाइनेछ ।'

नगरपालिकाले अहिले 'विकन परियोजना'सँग मिलेर ती चार हजार २१० घरधुरीमा शौचालय निर्माण गर्ने अभियान सुरु गरेको छ । यसका लागि जनप्रतिनिधि, सामाजिक परिचालक र युवा समूहको सहकार्यमा तीन महिनासम्म घर-घरमै पुगेर प्रत्यक्ष अनुगमन र चेतना अभिवृद्धि गरिने नगरपालिकाले जनाएको छ ।

## खैरो हिरोइनसहित...

प्रहरीसँगको सोधपुछका क्रममा चौधरीले उक्त पदार्थ आफूलाई बलिराम महतोले बिक्री गर्न दिएको बयान दिएका थिए । चौधरीको बयानका आधारमा प्रहरी टोली राति नै बलिराम महतो बसिरहेको निपानेस्थित उनको ससुराली घर पुगेको थियो । घर खानतलासी गर्दा दराजमा लुकाइछिपाइ राखेको अवस्थामा १० ग्राम २५० मिलिग्राम खैरो हिरोइन फेला परेको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ ।

प्रहरीले महतोको साथबाट नगद २० हजार ३१०, ओप्पो मोबाइल एक थान, चुरोट पाँच थान, लाइटर दुई थान र ब्लेडका टुक्रा दुई थानसमेत बरामद गरेको छ । दुवै जनाको साथबाट ११ ग्राम २५० मिलिग्राम खैरो हिरोइन बरामद गरी उनीहरूलाई इलाका प्रहरी कार्यालय गोलबजारमा राखेर थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए ।



## Invitation for Bids

# Jaleshwar Municipality

## Office of Municipal Executive

Jaleshwar, Mahottari

Madhesh Pradesh, Nepal

Invitation For Bids for : The Following Works As Indicated In The Below Table

Invitation For Bids No : As Indicated In The Below Table

*Date of publication : Wed. 11th Chaitra, 2082 i.e 25th Marcha 2026*

1. **Jaleshwar Municipality** invites electronic bids from all eligible bidders for the construction of The Following Works As Indicated In Below Table under National Competitive Bidding procedures.

| S.N | IFB NUMBER | Name of Procurment | Cost of Bid Document In NPR (Non-Refundable) | Estimated Amount With Vat | Minimum Bid Security Amount In NPR | Minimum Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 4. | 06/NCB/1S1E/WORKS/ JM/2082/083 | महोत्तरी जिल्ला जलेश्वर न.पा.५, श्री जनता मा.वि. पर्सामा पूर्वाधार निर्माण कार्य | 3000/- | 3,891,655.40 | 115000/- | *Friday, 5th Bhadra 2083 i.e 21th August 2026* |
| 7. | 07/NCB/1S1E/WORKS/ JM/2082/083 | महोत्तरी जलेश्वर-१०, सारीमा सामुदायिक भवन निर्माण कार्य | 3000/- | 3830125.17 | 110000/- | *Friday, 5th Bhadra 2083 i.e 21th August 2026* |
| 9. | 08/NCB/1S1E/WORKS/ JM/2082/083 | महेन्द्र आदशै महिला मा.वि.मा पूर्वाधार निर्माण कार्य | 3000/- | 10559188.08 | 315000/- | *Friday, 5th Bhadra 2083 i.e 21th August 2026* |
| 10. | 09/NCB/1S1E/WORKS/ JM/2082/083 | जलेश्वर-१, जलेश्वरनाथ महादेव मन्दिरको मूलगेट निर्माण तथा स्तरउन्नती कार्य | 3000/- | 3571937.56 | 105000/- | *Friday, 5th Bhadra 2083 i.e 21th August 2026* |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Jaleshwar Municipality, Office of the Municipal Executive, Jaleshwar, Mahottari Tel : 044-520087/Fax: 044-520143** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank : Rastriya Banijya Bank,Jaleshwar
Name of Office : Jaleshwar Municipality,Jaleshwar,Mahottari
Office Code no. 801021802
Office Account no. 1270100301010003(Revenue Account Number)
Rajaswa (revenue) Shirshak no. :

4. Pre-bid meeting shall not be held .
5. Electronic bids must be submitted to the office of **Jaleshwar Municipality, Office of the Municipal Executive, Jaleshwar, Mahottari** through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Hrs on Friday 11th Baisakha, 2083 i.e 24th April, 2026. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on Friday 11th Baisakh, 2083 i.e 24th April, 2026 at the office of **Jaleshwar Municipality, Office of the Municipal Executive, Jaleshwar, Mahottari.** Bids must be valid for a period of **90 Days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of amount ***As indicated in above table,*** which shall be valid for 30 days beyond the validity period of the bid i.e. Friday 5th Bhadra 2083 i.e 21st August, 2026.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Adminstrative Officer**

# आमाको नामबाट कति लिए...

नागरिकता नपाउँदै मृत्यु भएको वा बुबाको ठेगाना अज्ञात रहेको अवस्थामा तथा नेपाली आमाबाट विदेशमा जन्मिएर बुबाको पहिचान नभएका तर नेपालमा स्थायी बसोबास गरिरहेका सन्तानको हकमा प्रमुख जिल्ला अधिकारीले आवश्यक छानबिन गरी अङ्गीकृत नेपाली नागरिकता प्रदान गर्न सक्ने व्यवस्था थप गरिएको छ।

नागरिकता जारी गर्दा नियमावलीले तोकेका कागजातका अतिरिक्त स्वघोषणालाई पनि महत्वपूर्ण आधारका रूपमा लिइनेछ। त्यसका लागि आवश्यक ढाँचासमेत संशोधित नियमावलीले व्यवस्था गरेको छ । यसअघि वैवाहिक अङ्गीकृतबाहेकका अन्य अङ्गीकृत नागरिकता गृह मन्त्रालयको निर्णयमा मात्र प्रदान हुने व्यवस्था थियो ।

नयाँ कानुनी व्यवस्थाअनुसार उक्त अधिकार प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्न सकिने व्यवस्था गरिएको छ, जसले नागरिकता वितरण प्रक्रियामा स्थानीय तहको भूमिका र जिम्मेवारी बढाएको छ।

संशोधनले यसअघि कानुनले स्पष्ट रूपमा समेट्न नसकेको नाबालक परिचयपत्र वितरणसम्बन्धी विषयलाई पनि समावेश गरेको छ। साथै विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गरेको अवस्थामा वैवाहिक अङ्गीकृत नागरिकता प्रदान गर्नुअघि निजको नेपाल बसाइँ अनुमति (भिसा) नियमित हुनुपर्ने व्यवस्था स्पष्ट गरिएको छ।

**कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि**
**९८०२३२८८३०, ९८१४८३५५४२, ९८१२०४८५६६**

# बाढीको उच्च जोखिममा नौ वटा पालिका

**राष्ट्रिय समाचार समिति**

*जलेश्वर, चैत्र १० गते ।*


Photo : RSS

महोत्तरीका नौ वटा पालिका बाढीको उच्च जोखिममा रहेको तथ्य सार्वजनिक गरिएको छ । सदरमुकाम जलेश्वरमा आयोजित विपद् तयारी तथा 'लजिस्टिक्स' अध्ययनसम्बन्धी परामर्श कार्यक्रममा यस्तो तथ्य सार्वजनिक गरिएको हो।

एलायन्स एसिया नेपालको आयोजना एवं हेल्प लजिस्टिक र वर्ल्डभिजन इन्टरनेसनलको सहकार्यमा भएको कार्यक्रममा जलेश्वर, मटिहान, मनराशिस्वा, लोहारपट्टी नगरपालिका र एकडारा, सोनमा, सम्सी, महोत्तरी तथा पिपरा गाउँपालिका बाढीको उच्च जोखिममा रहेको जनाकारी दिइएको हो।

यस्तै, बलवा, भङ्गहा, औरही र रामगोपालपुर गरी चार नगरपालिका बाढीको मध्यम जोखिममा रहेका छन् भने बर्दिबास र गौशाला नगरपालिका बाढीको कम जोखिममा रहेका छन्।

कार्यक्रममा एलायन्स एशिया नेपालका अध्ययन प्रमुख रोहितकुमार यादवले बाढीको बेला पीडितसमक्ष तुरुन्त राहत सामग्रीको आपूर्ति, भण्डारण, व्यवस्थापन र ढुवानीका आवश्यक विकल्पबारे सोच्नुपर्ने बताए। कार्यक्रममा अन्य प्राकृतिक प्रकोपका बेला पनि महोत्तरीमा तुरुन्तै राहत सामग्री पुऱ्याउन तथा उद्धार कार्यका लागि के कस्ता नीति, नियम र उपाय अपनाउन सकिन्छ भन्नेबारे परामर्श माग गरिएको थियो।

जलेश्वर नगरपालिका प्रमुख सुरेश साह सोनारले बाढीबाट सबैभन्दा बढी प्रभावित १५ स्थानीय तहमा विपद् पूर्वतयारीका लागि सबै मिलेर काम गर्नुपर्ने बताए। उनले पालिकाभित्रका उच्च जोखिम भएका स्थानको पहिचान गरी जनचेतनाका साथै विपद् न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताए।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सभापति दीपककुमार मिश्र, वर्ल्डभिजन इन्टरनेशनलका प्रमील अधिकारी, रतौली युवा क्लबका राजेशकुमार पाण्डेय लगायतले आफ्ना धारणा व्यक्त गरेका थिए।

## तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिनको अत्यन्त जरुरी सूचना

*प्रकाशित मिति: २०८२/१२/०८*

**यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय बर्दिवासबाट तपाई ऋणी रविन्द्र ठाकुरले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै ब्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुलाई सूचित गरिन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।**

**तपसिल**

**ऋणीको विवरण :**

१. नाम: रविन्द्र ठाकुर ( ना.प्र.नं.१८-०१-७१-०४९९५ मिति २०७१/०८/१४, जि.प्र.का. महोत्तरी)
विवरण : सितल ठाकुरको नाती कामेश्वर ठाकुरको छोरा महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०८ बस्ने, कर्जा : हायर पर्चेज

**सूरक्षण बापत धितोको विवरण:**

१. गुडविल फाईनान्स लि. धनि भई ऋीणी रविन्द्र ठाकुरको नाममा यातायात ब्यावस्था कार्यालय विरगंज, पर्सामा दर्ता कायम रहेको दर्ता नं. ना ८ ख ५४५४, ई.नं. 400950D0075032, चेसिस नं. MEC2411BLJP075136 बनेको साल २०१८ को Tipper थान १
२. रामजी ठाकुरको नाती, गुदरी ठाकुरको छोरा महोत्तरी जिल्ला सोनामाई गा.बि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०८ बस्ने वर्ष ६७ की सितल ठाकुरको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला भोइल टेमकिया गा.वि.स. वडा नं. ५/क स्थित कि.नं. १२०६ र १२०९, क्षे.फ. ०-२-९-० र ०-०-६-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविश्यमा चर्चने लिग लगापात समेत ।

**व्यक्तिगत जमानीकर्ता:**

१. नाम: सितल ठाकुर ( ना.प्र.नं.१४२६२७१२ मिति २०५४/०६/०७, जि.प्र.का. महोत्तरी)
विवरण : रामजी ठाकुरको नाती गुदरी ठाकुरको छोरा महोत्तरी जिल्ला सोनामाई गा.बि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०८ बस्ने
२. नाम: कामेश्वर ठाकुर ( ना.प्र.नं.१४२६२७१८ मिति २०५४/०७/०६, जि.प्र.का. महोत्तरी)
विवरण : गुदरी ठाकुरको नाती सितल ठाकुरको छोरा महोत्तरी जिल्ला सोनामाई गा.बि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०८ बस्ने
३. नाम: रवीन ठाकुर( ना.प्र.नं.१८-२-०५८/१३४ मिति २०७५/०७/१२, जि.प्र.का. महोत्तरी)
विवरण : सितल ठाकुरको नाती कामेश्वर ठाकुरको छोरा महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०८ बस्ने
४. नाम: दिपेन्द्र ठाकुर ( ना.प्र.नं.१८१०५२/१९० मिति २०६७/०८/०८, जि.प्र.का. महोत्तरी)
विवरण : सितल ठाकुरको नाती कामेश्वर ठाकुरको छोर महोत्तरी जिल्ला सोनामाई गा.बि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ०८

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाडौं, पो.ब.नं. ८८६७
फोन : ४५४४०३९, फ्याक्स: ४४४३७१४
Email : info@goodwill.net.np

**शाखा कार्यालयहरु**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| डिल्लीबजार | इन्द्रचोक | भक्तपुर | कुमारीपाटी | त्रिपुरेश्वर | नयाँबजार | ईटहरी, सुनसरी | विर्तामोड | नेपालगंज |
| ४४२२२९० | ५३२९५५४ | ६६२००६७ | ५४०८६९० | ५३३१५३३ | ५९१००३७ | ०२५-५८७७५१ | ०२३-५३०५४८ | ०८१-५३२०५६ |
| घोराही, दाङ्ग | ईलाम | फिदिम | बुटवल | बर्दिवास | धनगढी | नवलपुर | गैडाकोटा | भैरहवा |
| ०८२-५६३३५० | ०२७-५२०९४९ | ०२४-५२३०६८ | ०७१-५३७२८२ | ०४४-५५०२९१ | ०९१-४१७३५७ | ०४६-६७००६० | ०७१-५०१४११ | ०७१-५९०९६३ |

## मालपोत कार्यालय बर्दिवासबाट प्रकाशित जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सूचना


जिल्ला महोत्तरी साविक हाल गौशाला न.पा. वडा नं. १ मा बस्ने मुसहरु महतो कोइरीको पत्नी राम परी देवीले मेरो पति मुसहरु महतो कोइरी तथा सौता कोशिला देवी दुवैको मृत्यु भएको मेरो एक मात्र सौतेनी छोरा ज.ध. मोहन महतो कोइरी समेतको अविवाहीत अवस्थामा नै मृत्यु भएकोले निजको नाममा दर्ता कायम रहेको गा.वि.स. १५ नं. बहादुरगंज ९ख कि.नं. ३४ क्षे.फ. ०-११-० जग्गाको हक खाने नजिकको हकदार म एक मात्र सौतेनी आमा रहेकीले मेरो नाममा उक्त जग्गा नामसारी गरी पाउ भनी माग दावी गरेकोले माग बमोजिम निवेदकका नाममा नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कोही कसैको हकदावी लाग्ने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ।

## मालपोत कार्यलय गौशाला, महोत्तरीबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सूचना

जिल्ला महोत्तरी साविक मनरा गा.वि.स. वडा नं. २ हाल मनराशिसवा न.पा. वडा नं. २ भोलही बस्ने रामसरण सिंहको नाती अनिरुद्ध सिंहको छोरा ना.प्र.नं. ६००१२४२१ जारी मिति २०४१/०३/२२ को राम कृपाल सिंहको नाउँमा सर्वे नापी भई फिल्ड बुक तयार भएको तपसिलको छुट जग्गा दर्ता गरी पाउँ निवेदक ऐ.ऐ. बस्ने रामसरण सिंहको नाती अनिरुद्ध सिंहको छोरा राम कृपाल सिंहले निवेदन पेश गरेको, साथै मनराशिसवा न.पा. २ नं. वडा कार्यालय इटहर्वाकट्टीको च.नं. ७६९ मिति २०८२/१०/०८ को छुट जग्गा किटानी सिफारिस, सोही वडाबाट सम्पन्न मुचुल्का, गौशाला न.पा. १२ नं. वडा कार्यालय कान्तिबजारको च.नं. ७५० मिति २०८२/१०/०८ को हकभोग सिफारिस, सोही वडाबाट सम्पन्न मुचुल्का निवेदकको यस कार्यालयमा द.नं. ३७४५ मिति २०८२/१०/०९ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। तपशिलमा उल्लेखित जग्गा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाउमा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, हाट, मेला लाग्ने ठाउ वा सरकारी जग्गा भए/नभएको सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।गराईन्छ।

**तपसिल**

| जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| महोत्तरी | १ नं. बहादुरगंज | ७ग | ६२ | १-१८-१७.५-० | यो जग्गा फिल्ड बुकको किसानको महलमा खर, जग्गावालाको महल खाली, विरह महलमा खर, किसिम महलमा अवल, किसानको व्योहोरा महल खाली, कैफियत महलमा यो जग्गा जि.म.मौ.भलही गाउँ बस्ने राम कृपाल सिंहको नम्बरी र भोग चलन हो निज नापी उपस्थित नहुदाँ मैले देखाई नपाएको हो भनी सही छाप गर्ने वडा अध्यक्ष चक्र बहादुर राना मगर जनिएको। |



**खर्गा दाँत उपचार केन्द्र**
**अव काठमाडौँ जानु नपर्ने**
**डा.गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

➢ **हामी कहाँ नै किन ?** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेढो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घाँउ, खटिरा आउने गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट (RCT) भर्ने, दाँतको X-ray गरिने ।

**डाक्टर भेटने समय: प्रत्येक दिन विहान ९ बजेदेखि साँझ ५ बजेसम्म ।**

**यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ ।**

**खर्गा दाँत उपचार केन्द्र**

सिन्धुलीरोड, लुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिवास, महोत्तरी, ☎ ९८४४३१२२४६

# धनुषामा क्षयरोग दिवस मनाइयो

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, चैत्र १० गते ।*

हरेक वर्ष मार्च २४ मा मनाइने विश्व क्षयरोग दिवस यस वर्ष पनि जनकपुरधाममा विभिन्न कार्यक्रम गरी मनाइएको छ ।
‘हो ! हामी क्षयरोग अन्त्य गर्छौं । राष्ट्रिय अभियान, हाम्रो योगदान ।’ भन्ने नारासहित समाजका लब्धप्रतिष्ठित व्यक्तित्व, विद्यार्थी तथा सर्वसाधारणलाई ब्याच वितरण कार्यक्रम संगै क्षयरोगबारे अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।
नेपाल क्षयरोग निवारण संस्था, धनुषा शाखाको आयोजनामा मंगलवार सम्पन्न उक्त कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साह प्रमुख अतिथि रहेको थियो ।
कार्यक्रममा नेपाली काँग्रेस क्षेत्रीय सभापति कन्हैया कर्ण, वडा नम्बर १० का वडाध्यक्ष मिथिलेशकुमार कर्ण, समाजसेवी प्रफुल्लराज घिमिरे, गंगा भुजेल लगायत अतिथिहरुको उपस्थिति रहेको थियो ।
त्यसैगरी संस्थाका केन्द्रीय सदस्य श्रवणकुमार साह, शाखा सभापति सन्तकुमार कार्की, शाखा सचिव अर्जुन क्षेत्री तथा सदस्यहरु दिनेश शर्मा, रामचन्द्र साह, राजकिशोर राउत र भुवनेश्वरी कार्कीको सक्रिय सहभागिता रहेको थियो ।
बिहान ९:०० बजे जानकीमन्दिर प्राङ्गणबाट सुरु भएको ब्याच वितरण कार्यक्रम जानकीचौक र लक्ष्मण अखाडा हुँदै वडा नम्बर ११ स्थित श्री अरनिको सेकेण्डरी बोर्डिङ स्कुलमा पुगेर समापन गरिएको थियो ।
कार्यक्रमको समापनअघि विद्यालयका शिक्षक-शिक्षिका, विद्यार्थी, अतिथि तथा शाखा पदाधिकारीबीच क्षयरोग निवारण अभियानलाई प्रभावकारी बनाउने उपाय तथा समुदायको भूमिकाबारे अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिएको थियो । सो अवसरमा क्षयरोगको उपचार पद्धति, यसको रोकथाम तथा जनचेतनाको आवश्यकताबारे जानकारी आदानप्रदान गरिएको थियो ।
अन्तरक्रियामा नियमित ६ महिनासम्म औषधि सेवन गरेमा क्षयरोग पूर्ण रुपमा निको हुने तथ्य प्रस्तुत गरिएको थियो । साथै, जर्मनीका वैज्ञानिक डा.रबर्ट कोकले सन् १८८२ मार्च २४ मा ‘माइक्रोब्याक्टोरियम टयुबर कुलोसिस’ नामक क्षयरोगको किटाणु पत्ता लगाएको ऐतिहासिक पृष्ठभूमिबारे पनि जानकारी गराइएको थियो । सोही दिनको सम्झनामा विश्वभरि प्रत्येक वर्ष मार्च २४ लाई विश्व क्षयरोग दिवसका रुपमा मनाउने परम्परा रहँदै आएको छ ।

# सीमा स्तम्भ पुनः निर्माण गर्ने सहमति

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, चैत्र १० गते ।*

भारतीय सीमासँग मधेस प्रदेशका जिल्लाहरूलाई छुट्टाउनका लागि निर्माण भएर विभिन्न कारणले हराएका सीमा स्तम्भहरू पुनः निर्माण गरिने सहमति भएको छ ।
मंगलवार राज्यको रक्सौलमा मधेस प्रदेशका सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीसँगै, चितवनका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, नापी कार्यालय र भवन निर्माण डिभिजन कार्यालयका प्रमुखहरूको सहभागिता र भारतका पूर्वी चम्पारन जिल्लाका जिल्ला अधिकारीसहित सुरक्षा निकाय र सर्भे अधिकारीहरूको सहभागितामा २०७६ सालपछि भएको बैठकले हराएका सीमा स्तम्भहरूको दुवै देशका सुरक्षा अधिकारी सहितका निकायले एकिन गरेर पुनः निर्माण गर्ने निर्णय भएको छ ।
मधेस प्रदेशका ८ जिल्लामा नेपाल भारतलाई छुट्टाउनका लागि साना तथा ठुला गरेर ५ हजार ३ सय १२ सीमा स्तम्भ छन्, जसमध्ये ४ सय ८५ सीमा स्तम्भ ठुला आकारका छन् । हराएको सीमा स्तम्भको एकिन भएपछि दुवै देशको सहमतिमा छिटै पुनः निर्माण गर्ने बैठकले निर्णय गरेको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले बताए ।

# खैरो हिरोइनसहित दुई जना पक्राउ

**राष्ट्रिय समाचार समिति**

*सिरहा, चैत्र १० गते ।*

सिरहाको गोलबजारबाट लागुऔषध खैरो हिरोइनसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा गोलबजार नगरपालिका-५ बस्ने २५ वर्षीय अनिल चौधरी र लहान नगरपालिका-१ भाइरलबावा टोल घर भई हाल गोलबजार-४ निपानेस्थित ससुराली घरमा बस्दै आएका ३३ वर्षीय बलिराम महतो रहेका छन् ।
सोमबार राति गोलबजार-४ निपाने टोलस्थित पूर्व-पश्चिम लोकमार्ग सडक छेउमा लागुऔषध बिक्री वितरण भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय गोलबजार र लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय गोलबजारको संयुक्त टोली परिचालन गरिएको थियो । प्रहरी टोलीले शंकास्पद अवस्थामा रहेका अनिल चौधरीलाई नियन्त्रणमा लिई खानतलासी गर्दा उनको ज्याकेटको खल्तीबाट एक ग्राम खैरो हेरोइन फेला पारेको थियो ।

- बाँकी पृष्ठ २ मा


# गौशाला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल

## बेरुजु बक्यौता रकम दाखिला गर्ने सम्बन्धी ३५ दिने सुचना

*सूचना प्रकाशित मिति : २०८२/१२/११*

**यस कार्यालतबाट मिति २०७६/०६/०८ गते आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी खुल्ला डाँक बढाबढ प्रक्रियाका लागि आह्वान गरिएको सुचना (ठेक्का नं. ११/२०७६-२०७७ निगौल ठाकुर/ओलारा पोखरी वडा नं.२) र मिति २०७७/१०/१५ गते सिलबन्दी बोलपत्र आव्हानको सुचना (१४/GAU/२०७७/०७८) अनुसार तपशिलका व्यक्तिहरु र फर्महरुले ठेक्का स्वीकार गरिएकोमा हालसम्म तपशिल बमोजिमको रकम जम्मा गरिएको र बाँकी रहेको देखिन्छ ।**

**तपसिल**

| क्र.सं. | पोखरीको नाम | कबोल गरेको रकम | जम्मा गरेको रकम | बाँकी रकम | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| १. | निगौल ठाकुर र ओलारा पोखरी वडा नं.२ | ६०,७८,७५५।- | ४३,४८,६३०।- | १७,३०,१२५।- | २०७९/०८० को श्रावण मसान्तसम्म |
| २. | नुर माछा प्लान फर्म गौशाला न.पा.०४, महोत्तरी । | २३,८६,०००।- | ७,१५,५०० ।- | १६,७०,५००।- | २०८१ असार मसान्त भित्र |

**यस गौशाला नगरपालिका वडा नं. २ मा स्थायी बसोवास भएको व्यक्ति श्री राम प्रताप मुखिया विनको छोरा श्री मानदेव मुखिया विन र शिवनारायण महतोको छोरा श्री ललित महतो (नुर माछा पालन फर्मको प्रोपराइटर) उपर कार्यालयको बाँकी बक्यौता रकम हालसम्म दाखिला नगरेकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ को नियम ९० को उपनियमा (५) बमोजिम बाँकी बक्यौता रकम दाखिलाको लागि यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्तअवधि भित्र रकम दाखिला नगरेमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा ४७ बमोजिम भई जाने व्यवस्था रहेको र मिति २०८२/०८/०८ गतेको कार्यपालिकाको निर्णय अनुसार यो सुचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ ।**

**तपसिल**

| व्यक्तिको नाम | सरकारी बाँकी सरह रहेको रकमको विवरण |
|---|---|
| नाम :- श्री मानदेव मुखिया विन(ठेक्केदार)<br>बुवाको नाम :- श्री राम प्रताप मुखिया विन<br>ठेगाना :- गौशाला नगरपालिका वडा २, निगौल, महोत्तरी ।<br>फोन नं. :- ९८००८४८६१०<br>ना.प्र.नं. - १८३०६५/२४५, जन्म मिति : २०४१/०२/०५ | बाँकी रहेको रकम : रु १७,१२,५३०।-<br>व्याज लाग्न सुरु हुने मिति : २०८१/०५/०१<br>व्याजदर : वार्षिक १०% (दश प्रतिशत) |
| फर्मको नाम :- नुर माछा पालन फर्म<br>फर्मको अधिकारीको व्यक्तिको नाम :- ललित महतो<br>बुवाको नाम :- शिवनारायण महतो<br>ठेगाना :- गौशाला नगरपालिका-०४, महोत्तरी<br>(साविक ठेगाना गौशाला-६), नागरिकता नं. :- १८२०६९/१४<br>स्थायी लेखा नम्वर :- १०८२३७२८३, फोन नं. :- ९८६०३७५१७७ | बाँकी रहेको रकम : रु १६,७०,५००।-<br>व्याज लाग्न सुरु हुने मिति : २०८२/०४/०१<br>व्याज दर : वार्षिक १०% (दश प्रतिशत) |

*प्रमुख प्रशासकीय अधिकृत*


# ४२ प्रतिशत क्षयरोगका बिरामी उपचार बाहिर

**राष्ट्रिय समाचार समिति**

*काठमाडौँ, चैत्र १० गते ।*

नेपालमा ४२ प्रतिशत क्षयरोगका बिरामी उपचार बाहिर रहेको पाइएको छ । मंगलवार विश्व क्षयरोग दिवस मनाइरहँदा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा. भुवन पौडेलले नेपालमा बर्सेनि ६७ हजार क्षयरोगका नयाँ बिरामी भेटिने गरेकामा ४२ प्रतिशत उपचार बाहिर रहेको बताए। उनले उपचारको दायराभन्दा बाहिर रहेका बिरामीलाई उपचारमा ल्याउन चुनौती रहेको बताए ।
नेपालमा २०८१/०८२ मा औषधि संवेदनशील क्षयरोगका बिरामी ३९ हजार १५१ जना पहिचान गरिएको थियो । तीमध्ये ६१ प्रतिशत पुरुष, ३९ प्रतिशत महिला र पाँच दशमलव छ प्रतिशत १५ वर्षमुनिका बालबालिका रहेका थिए । उपचारमा रहेका बिरामीमध्ये ७२ प्रतिशत फोक्सोसम्बन्धी क्षयरोग र २८ प्रतिशत फोक्सोबाहेकका अङ्गका क्षयरोग देखिएका थिए । यस्तै, औषधि प्रतिरोधी क्षयरोगका बिरामी ६२५ जना रहेका थिए ।
केन्द्रका निर्देशक डा. पौडेलले औषधि संवेदनशील क्षयरोगमा ९२ प्रतिशत र औषधि प्रतिरोधी क्षयरोगमा ७६ प्रतिशत उपचार सफलता पाइएको बताए उहाँका अनुसार क्षयरोगका कारणले ५१ प्रतिशत बिरामी र तिनका परिवारले आर्थिक भार बेहार्नुपरेको छ । समाजमा क्षयरोगीलाई लाञ्छना र सामाजिक भेदभाव पनि समस्याका रूपमा रहेको उनले उल्लेख गरे ।
नेपालमा हरेक वर्ष १६ हजारको क्षयरोगका कारण मृत्यु हुने गरेको जनाइएको छ ।
यस रोगबाट मृत्यु दर प्रतिएक लाखमा ५३ जना रहेको छ। निर्देशक डा. पौडेलले नियमित औषधि सेवन गरे ९२ प्रतिशत क्षयरोग निको हुने बताए । “नियमित छ महिना औषधि खाएका सय जनालाई हामीले परीक्षण गरेका थियौँ । तीमध्ये ९२ प्रतिशतको उपचार सफल भएको पाइयो”, उनले भने, “यसकारण समयमा र नियमित उपचार गर्न यो रोग लागेकाहरूलाई आग्रह गर्दै आएका छौँ ।”
सरकारले सन् २०५० सम्म क्षयरोगलाई निवारण गर्ने लक्ष्य लिएको छ । सन् २०५० मा १० लाखमा एक जना क्षयरोगका बिरामी झार्ने लक्ष्य रहेको जनाइएको छ । केन्द्रका निर्देशक डा. पौडेलका अनुसार सन् २०३५ मा एक लाखमा १० जनाभन्दा कममा क्षयरोगको सङ्क्रमण झार्ने लक्ष्य रहेको छ ।
आज ‘हो हामी क्षयरोग अन्त्य गर्छौं । राष्ट्रिय अभियान हाम्रो योगदान’ भन्ने नाराका साथ दिवस मनाइएको छ ।

# आमाको नामबाट कति लिए नागरिकता ?

**राष्ट्रिय समाचार समिति**

*काठमाडौँ, चैत्र १० गते ।*

नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ जारी भएदेखि आमाको नामबाट दुई हजार ९४८ जनाले नागरिकता लिएका छन् । नयाँ नियमावली जारी भएपछि हालसम्म नयाँ व्यवस्थाअनुसार उनीहरुले नागरिकता प्राप्त गरेको गृह मन्त्रालयले जनाएको छ ।
चौथो पटक संशोधन गरिएको नेपाल नागरिकता नियमावली राजपत्रमा प्रकाशित गरिएको थियो । गत पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकले नेपाल नागरिकता चौथो संशोधन नियमावलीमा स्वीकृत गर्ने निर्णय गरेको थियो ।
नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा संशोधन गरिएको छ । त्यस्तै, मूल नियमावलीको नियम ५, ७, ८ र १४ मा संशोधन गरिएको छ। मूल नियमावलीमा नियम १६ (क) थप गरिएको छ भने मूल नियमावलीको अनुसूचीमा संशोधन गरिएको छ ।
नयाँ व्यवस्थाअनुसार बुबा वा आमामध्ये एक जनाले जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्को अभिभावक

- बाँकी पृष्ठ ३ मा

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री